म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ११४ | मंगलबार २० मंसिर २०७९ | ने. सं. ११४३ थिंलाथ्व | 6 December, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## शौचालयमा लडेर एकजनाको मृत्यु

हेटौंडा, १९ मंसिर/हेटौंडामा शौचालयमा लडेर घाइते भएका एक जना पुरुषको मृत्यु भएको छ । हेटौंडा उपमहानगरपालिका वडा नम्बर ५ स्थित पिप्लेमा शौचालयमा लडेर घाइते भएका हाल पिप्लेमा डेरा गरी बस्ने ओखलढुंगा जिल्लाका ४६ वर्षीय ज्ञानबहादुर कटुवालको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

आइतबार साँझ ६ बजेर ३० मिनेटको समयमा कटुवाल शौचालयमा लडेर बेहोस अवस्थामा भेटिएका थिए । उनलाई उपचार का लागि हेटौंडा अस्पतालमा ल्याइएकोमा उपचारको क्रममा डाक्टरले आइतबार साँझ ७ बजे मृत्यु भएको घोषणा गरेको थियो ।

# गाई पाल्दै चितलाङ बाख्रा फार्म

साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ गुणस्तरीय भेडा, बाख्रा र खरायो उत्पादनमा नाम कमाएको मकवानपुरस्थित चित्लाङ बाख्रा विकास फार्मले अब गाई पनि पाल्ने भएको छ ।

जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिका र इन्द्रसरोबर गाउँपालिकाको सीमाना चित्लाङमा रहेको सरकारी बाख्रा फार्मले जर्सी गाई पाल्ने तयारी गरेको हो । फार्मले चालू आर्थिक वर्ष २०७९/०८० बाट गाई पालन गर्ने भएको हो । फार्मले किसानहरुलाई जर्सी गाईको शुद्ध नश्लको बाछाबाछी उपलब्ध गराउने उद्देश्यले गाई पालन गर्न लागिएको फार्मका प्रबन्धक विशेश्वर प्रसाद यादवले बताए । तत्कालीन राणा शासकले २००१ सालमा स्थापना गरेको भेडा फार्म (हाल बाख्रा विकास फार्म)ले माग अनुसार किसानहरुलाई बाख्रा, भेडा र खरायो उपलब्ध गराउँदै आइरहेको छ ।




अब किसानहरुले फार्मबाटै शुद्ध नश्लको गाई पनि पाउने भएका हुन् । किसानहरुले बढी मुल्य तिरेर बाछाबाछी खरिद गरिरहनु परेको समस्या हट्ने विश्वास लिइएको छ । फार्ममा उत्पादन भन्दा तेब्बर बढीले किसानबाट बाख्राको माग आएको छ । यसकारण पनि फार्ममा गणस्तरीय बाख्रा उत्पादन हुने विश्वास गर्न सकिन्छ । गाई पालनबाट जीवीकोपार्जन गर्दै आएका किसानलाई शुद्ध नश्लको बाछाबाछी उपलब्ध गराउने फार्ममा प्रबन्धक यादवले बताए । सरकारी फार्ममा शुद्ध नश्लको बाख्रा पाइने विश्वासले किसान र व्यवसायिक बाख्रा पालन गर्दै आएकाहरुले माग धेरै गर्ने गरेको यादव बताउँछन् ।

उनका अनुसार फार्मले आगामी चैत महिनादेखि गाई पालन सुरु गर्न लागिएको जानकारी दिए । चित्लाङ चिसो ठाउँ रहेकाले मौसमलाई सुहाउँदो जर्सी गाई पालन गर्न लागिएको उनले बताए । फार्मले दूध पनि उत्पादन गर्ने सोच बनाएको छ । गाईबाट उत्पादित दूधको शुद्धता पनि जाँच गरिने यादव बताउँछन् । सुरुवाती चरणमा १५ वटासम्म गाई पालिने उनले बताए । जसका लागि फार्मले गोठ पनि तयार गर्ने भएको छ । यादवले दूध उत्पादनको दृष्टिकाणले एउटा होलिस्टशन जातका गाई बराबर दुई वटा जर्सी गाई पालन सकिने बताए । उनकाअनुसार जर्सी गाईले दैनिक २० देखि २५ लिटरसम्म दूध दिनेछ ।

किसानलाई फार्मबाटै जर्सी गाई दिइने उनले बताए । फार्मबाट खरिद गर्दा कम मूल्य पर्ने भएपछि किसानहरुलाई पनि राहत हुने उनको भनाई छ । फार्मलाई गाई पालन गर्ने योजनासँगै घाँसको पनि चिन्ता बढेको छ । फार्मलाई चरिचरण क्षेत्रमा बाह्रै महिना हरियो घाँस नहुँदा बाख्रा, भेडा पालनमै समस्या हुँदै आएको थियो । जग्गा पर्याप्त भएपनि चरिचरण क्षेत्र थोरै भएकाले वर्षको ६ महिना अर्थात बर्खे समयमा मात्रै बाख्रा र भेडाले पोषिलो घाँस खान पाउँछन् । बाँकी ६ महिना हिउँदको समयमा खडेरी लाग्ने फार्मका प्रबन्धक यादव बताउँछन् । फार्ममा पालिएको भेडा र बाख्राले आवश्यक पोषिलो घाँस हिउँदको समयमा खान नपाएको उनले बताए ।

भेडा, बाख्राले पोषिलो घाँस खान नपाउनुको कारण फार्ममा पानीको स्रोत नहुनु हो । फार्म खुलेको ७८ वर्षपछि गतवर्ष फार्ममा डिपबोरिङबाट पानी निकालिएको थियो । वर्षायाममा चिसो कम, घाँसको पर्याप्तता र सिँचाई समस्या नभए पनि हिउँदमा भने तुषारोले भुईंघाँस मर्ने, सुख्खा भएर डाले घाँसहरुको पात झर्ने, तुषारो नपर्ने फार्मको तल्लो भेगमा पानी अभावका कारण घाँसहरु सुक्ने, चिसोबाट बाख्रा विशेषत: पाठापाठीलाई बचाउन मुस्किल पर्ने जनाइएको छ । फार्मले वर्षायामको घाँसलाई सुकाएर राख्ने तथा नेपियर, मकै आदि घाँसलाई साइलेज (घाँसको गुन्द्रुक) बनाएर राख्ने र हिउँदको घाँस अभाव टार्ने गर्दै आएको थियो ।

फार्मले सानन, सानन र खरीको क्रस तथा शुद्ध खरी गरी तीन थरीको बाख्रा उत्पादन गर्दै आइरहेको छ । फार्ममा गत आर्थिक वर्ष २०७८/०७९ मा ३ सय ५० वटा मात्रै बाख्रा उपलब्ध रहेको यादव बताउँछन् । फार्मको कुल ३ सय ५ रोपनी क्षेत्रफलमा चरिचरण क्षेत्र मात्रै १ सय ८ रोपनी छ । फार्ममा बाख्रा मात्र हैन, भेडा र मासु खाने प्रयोजनका खरायो पनि पालिएको छ । तर, भेडा र खरायोको माग बाख्राको भन्दा कम रहेको छ । हाल फार्ममा बरुवाल जातको भेडा ७५ वटा छ । मासु खाने खरायो ३ थरी जातका १ सय वटा पालिएको प्रबन्धक यादवले जानकारी दिए । खरायो चिनचिला, क्यालिफोर्निया हाइलाइन र न्युजिल्याण्ड ह्वाइट जातको रहेको जनाइएको छ ।

# भ्रष्टाचार रोक्न मुख्यमन्त्रीलाई ज्ञापन पत्र

साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मकवानपुरले बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेलाई भेटेर प्रदेशमा भइरहेको भ्रष्टाचार रोक्न अपिल गरेको छ ।



रास्वपाबाट मकवानपुरको प्रतिनिधिसभा उम्मेदवार रहेका भरत पराजुली र टाकाराज थापा (सुरेश)ले सोमबार मुख्यमन्त्री पाण्डेलाई ज्ञापन पत्र बुझाउँदै प्रदेशको स्वास्थ्य मन्त्रालयमा भ्रष्टाचार भएको दाबी गरेको थियो । आफ्नो पार्टीको कार्यालयमा उजुरी परेको भन्दै रास्वपा मकवानपुरले टेण्डर प्रक्रियामा आफनो नजिकको सप्लायर्सहरुलाई मिल्ने स्पेक बनाई करोडौं भ्रष्टाचार भएको भन्दै ध्यानाकर्षण भएको जनाएको छ । ज्ञापन पत्रमा भनिएको छ, 'टेण्डरको डिजाईनकर्ता मन्त्रालयका सचिव बद्री खड्का, निर्देशक अर्जुन सापकोटा, मन्त्री निमा लामा दलका नेता इन्द्र बानियाँ रहेको जानकारी प्राप्त छ,'

करार कर्मचारी भर्ना गर्दा सचिव खड्का, स्वास्थ्य निर्देशनालयका निर्देशक महेश्वर श्रेष्ठ मिलेर पैसा संकलन तथा कांग्रेसको भर्ति केन्द्र बनाएको अख्तियारमा समेत उजुरी रहेको आरोप लगाइएको हो । सरुवा बढुवामा व्यापक भ्रष्टाचार गरेको पैसावालालाई प्राथमिकतामा दिएको आरोप रास्वपाले लगाएको छ । आपुर्ति व्यवस्थापन केन्द्रको सिटिस्क्यान खरिदमा व्यापक मिलेमतो हुन लागेको रास्वपाले जनाएको छ । ज्ञापन पत्र बुझ्दै मुख्यमन्त्री पाण्डेले घटना बारे ध्यानाकर्षण भएको बताएका छन् ।


## खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!

### यात्रु महानुभावहरूलाई खुसीको खबर !

यही २०७९ पौष १ देखि

- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौंसम्म दैनिक दिवा सेवा बिहान ६ बजे र ७ बजे
- कलंकी बसपार्क काठमाडौंबाट १ बजे र २ बजे दिउँसो लगनखेल ठिंगन हुँदै हेटौंडा सम्म




सम्पर्क:

९८५५०६७६५५, ९८५५०७१६२५, ९८५५०७०५६०


# बर्तौलाको गलामा मतान्तर बराबरको माला



साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ नेकपा एमालेबाट जिल्लाको प्रतिनिधि सभा क्षेत्र नम्बर २ मा उम्मेदवार रही विजयी भएका महेश बर्तौला मतदाताहरुलाई धन्यवाद दिने कार्यमा जुटेका छन् ।

मतदाताहरुलाई धन्यवाद दिने कार्यक्रमअन्तर्गत् बर्तौलाई इन्द्रसरोबर गाउँपालिकामा मतान्तर बराबरको माला लगाइदिएका छन् । गठबन्धनबाट उम्मेदवार रहेका नेकपा (एकीकृत समाजवादी)का उम्मेदवार विरोध खतिवडालाई हराएको मतान्तर बराबरको लम्बाईको माला बर्तौलालाई सोमबार मतदाताले लगाएका हुन् । बर्तौलो खतिवडालाई ४ हजार ५ सय २० मतान्तरले पराजित गरेका थिए । मतदाताहरुले ४ हजार ५ सय २० मिलिमिटर अर्थात करिब १५ फिट लम्बाईको माल बर्तौलाको गालामा लगाइदिएका हुन् ।

बर्तौलाले क्षेत्र नम्बर २ मा ८६ हजार ६ सय ५२ मत खसेकोमध्ये ३४ हजार ९ सय १६ मत पाएका थिए । इन्द्रसरोवर गाउँपालिकाका विभिन्न स्थानमा भएको कार्यक्रममा बर्तौलाले मतदाताहरुलाई भेटेरै धन्यावद दिएका छन् । उनले जनताले दिएको मतको उच्च कदर गर्दै विकास निर्माण र नीति निर्माणमा ध्यान दिने प्रतिवद्धता जनाएका छन् ।

कार्यक्रमहरुमा इन्द्रसरोबर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनी, नेकपा एमाले इन्द्रसरोवर गाउँपालिका अध्यक्ष धनवीर स्याङ्तान, सचिव राजु बस्नेत लगायतका पदाअधिकारीहरु तथा जिल्ला कमिटी सदस्यहरुको समेत उपस्थिति थियो ।


## व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बर:

९८४५०२७०६४/९८५५०६८०३८


# पत्रकारलाई हराएर महिला सञ्जाल विजयी

साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ लैगिंक हिंसाविरुद्धको १६ दिने अभियानअन्तर्गत् सोमबार हेटौंडामा भएको मैत्रीपूर्ण फुटसलमा महिला सञ्जाल विजयी भएको छ ।

मकवानपुरका महिला पत्रकारहरुलाई २-१ गोलले हराउँदै महिला सञ्जाल विजयी बनेको हो । नेपाल पत्रकार महासंघ मकवानपुरको आयोजनामा मैत्रीपूर्ण फुटसल हेटौंडा-४, स्थित कमलडाँडामा रहेको फुटसलमा कोर्टमा भएको थियो ।

महिला संजालको तर्फबाट लक्ष्मी श्रेष्ठ र एलिसा जिम्बाले १-१ गोल गरेका छन् । महिला पत्रकारको तर्फबाट सम्झना घिमिरेले एक गोल गरेपनि हारलाई टार्न पत्रकार टोली सफल हुन सकेन् । मैत्रीपूर्ण फुटसल उद्घाटनको औपचारिक कार्यक्रममा पत्रकार महासंघ बागमती प्रदेशका संस्थापक अध्यक्ष प्रताप विष्ट, नेपाल पत्रकार महासंघ मकवानपुरको अध्यक्ष मणिराज गौतम, उपाध्यक्ष सरला अधिकारीलगायतको आतिथ्यता थियो ।


## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

## TEACHERS WANTED

**Zenith International Secondary School** an associateschool of **Hetauda City College** located at Piple, Hetauda-5,is looking for young, dedicated, innovative, passionate andmotivated individuals who believe in learning and growth in anexperiential/progressive teaching-learning platform.

| S.No. | Level | Subject/Traits |
|---|---|---|
| 1. | Pre –Primary | Female Montessori trained and skilled teacher with pleasant personality. |
| 2. | Primary | English, Mathematics and Scienc |
| 3. | Basic | English, Nepali, Mathematics and Computer Science |
| 4. | Secondary | English, Nepali, Computer Science and Mathematics, |
| 5. | Boys Hostel Warden | Can guide &take care of the students upto class X |

Interested candidates should mail their Bio-data at *zenithcollege.official@gmail.com* with two references along with self handwritten covering letter by 21 Mangshir 2079, Monday. Preference will be given to the qualified, experienced and licence holder candidates.

*Contact us @*

**Zenith International Secondary School**

Piple , Hetauda – 05, Makwanpur,
Bagmati Province
057-520750 / 526660
9841271001, 9855077417, 9855071876

साझाकुरा

## हाम्रो कुरा

# मानवताको लागि सबैको सहयोग अपरिहार्य

'नेपथ्य ब्याण्ड' एउटा संगीत सिर्जना गरेर संगीतप्रेमीलाई रोमान्चित पार्ने संगीत समूहमात्रै नभएर नेपालमा कहिले शिक्षा, कहिले शान्ति यात्रा त कहिले मानवता प्रबर्द्धनका लागि आफ्नो सांगीतिक कोशेली पस्किँदै हिँड्ने एउटा अभियान हो । देशविदेशमा आफ्नो फरक पहिचानसहित संगीतमा दर्शकस्रोतालाई झुमाउने ब्याण्ड 'नेपथ्य' हो । सबै उमेर समूहका स्रोतालाई समेटेर हिँड्न सक्ने सांगीतिक समूहको पहिचान बनाएको छ 'नेपथ्य' ले । यहि ब्याण्डले मानवताको प्रबर्द्धनको लागि नेपालभर आफ्नो अभियान यसवर्ष सुरु गरेको छ । अभियानअन्तर्गत् 'मानवताको लागि नेपथ्य संगीत यात्रा-२०७९' यहि मंसिर २२ गते हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयको प्राङ्गणमा हुँदैछ ।

'मानव सेवा आश्रम' ले सडकमा सहयोगापेक्षी मानवहरुलाई आश्रय दिँदै उनीहरुको पालनपोषण गर्दै आएको छ । विभिन्न कारणले घरबारविहीन भएर सडक जीवन बिताउन बाध्य ती मानवहरुलाई उद्धार गरेर आश्रममा लगेर उनीहरुको स्वास्थ्य अवस्था सुधार गर्दै दैनिक भोजन तथा आरामबिरामको व्यवस्था मानव सेवा आश्रमले गर्दै आएको छ । तर, देशैभरी हुने त्यस्ता हजारौं सहयोगापेक्षी मानिसलाई देशभरि आश्रम खोलेर सेवा दिनु चानचुने चुनौतीको काम होइन । यस कार्यमा करिब एक दशकदेखि रामजी अधिकारीको नेतृत्वमा सयौं अभियन्ताहरु खटिरहेका छन् । बालकदेखि वृद्धसम्मका महिला तथा पुरुष सहयोगापेक्षी मानवको पालनपोषण, स्वास्थ्योपचार लगायतमा दैनिक लाखौं खर्च भइरहेको छ । त्यसको उचित व्यवस्थापन गर्न आश्रमलाई निकै हम्मे पर्ने गरेको छ । सोही मानवहरुलाई दीगोरुपमा पालनपोषण गर्न आर्थिक जोहो गर्ने उद्देश्यले नेपथ्य ब्याण्डले आफूलाई समर्पित गरेर देश दौडाहा सुरु गरेको छ । यो अभियान २२ गते हेटौंडामा गुञ्जिँदै छ । यो अभियानलाई मकवानपुर जिल्लाका सबै क्षेत्रबाट सहयोगको हातहरु अगाडि बढिरहेका छन् ।

संगीतको मज्जा लिँदै टिकटको माध्यमबाट थोरै सहयोग गर्दा सहयोगापेक्षी मानवहरुको दीगो पालनपोषणमा सहयोग पुग्ने हुँदा यस अभियानलाई सहयोग गर्नु हामी सबैको कर्तव्य हो । मानवता प्रबर्द्धनमा कुनै न कुनै तवरबाट सहयोग गर्नुपर्ने हाम्रो कतर्व्यलाई पूरा गर्न नेपथ्यले साझा अभियानको थलो बनाएको छ । यसमा सबैले सहभागिता जनाऔं । मानवता प्रबर्द्धनमा मकवानपुरे नागरिकको तर्फबाट न्यानो माया दर्शाऔं । जय मानव ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०७९ मंसिर २१ गते बुधबार ७ डिसेम्बर २०२२ । मंसिर चतुर्दशी शुक्लपक्ष । थिंलाथ्य ११४३ ने.सं. । सूर्योदय ६:४२, सूर्यास्त ५:७ । स्वयंसेवक दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : काममा सहयोग मिल्नेछ | **तुला** | : मित्रताले हर्ष बढ्नेछ |
| **वृष** | : अनावश्यक खर्च हुनेछ | **वृश्चिक** | : कामको तारिफ हुनेछ |
| **मिथुन** | : चिताएको काम बन्नेछ | **धनु** | : अरुको मन लोभ्याउन सकिनेछ |
| **कर्कट** | : नसोचेको फाइदा पाइनेछ | **मकर** | : दाम कमाउने बेला छ |
| **सिंह** | : चुनौतीहरु बढ्नेछन् | **कुम्भ** | : प्रयत्न निरर्थक हुनेछ |
| **कन्या** | : आम्दानी घट्नेछ | **मीन** | : व्यावसायिक काम बन्नेछ |

# देउवालाई 'महाथिर' नबनाए हुन्थ्यो !



गोविन्द अधिकारी

जनताले आफ्नो मत प्रकट गरे । जनादेशको सम्मान गर्ने नगर्ने अब नेताहरूको नियत र विवेकको कुरा हो । यसपटक नयाँ दलहरूलाई निश्चित क्षेत्रहरूमा 'अप्रत्याशित' समर्थन प्राप्त भयो । मधेसमा जनमत पार्टी, बाग्मतीमा राष्ट्रिय स्वतन्त्र पार्टी र सुदूरपश्चिम प्रदेशमा नागरिक उन्मुक्ति पार्टीलाई जनताले मत दिए । जनमत र स्वतन्त्र पार्टी त पहिलो प्रयासमै राष्ट्रिय दल बने ।

राष्ट्रिय पार्टीहरूको समूहमा नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र)सँगै राष्ट्रिय प्रजातन्त्र पार्टी पनि मिसिन पुगेको छ । विडम्बना, २ जना पूर्वप्रधानमन्त्रीहरूले नेतृत्व गरेको नेकपा (एकीकृत समाजवादी) भने प्रतिनिधि सभामा १० स्थानमा जितेर पनि राष्ट्रिय पार्टी बन्न सकेन । अब झलनाथ खनालले कुन 'आत्मघाती'लाई सराप्ने हुन् ?

नयाँ सरकार बनाउने कसरत सुरु भएको देखिएको छ । सत्ता राजनीतिमा सबैभन्दा अस्थिर र अवसरवादी रहँदै आएको माओवादी केन्द्रले नै आधिकारिकरूपमा अरू दलले भन्दा पहिले 'सबै विकल्प खुला राख्ने' निर्णय गरेको छ । स्पष्ट नलेखे पनि मनसुवा स्पष्टै बुझिन्छ- अध्यक्ष पुष्पकमल दाहाललाई प्रधानमन्त्री बनाउने हो भने एमालेसँग मिल्न पनि माओवादी केन्द्र तत्पर छ ।

गठबन्धनमै रहेर सत्ताको निम्ति विपक्षीसँग मिल्न तयार हुनु 'राजनीतिक बेइमानी'जस्तो देखिए पनि यतिलाई दाहालका हकमा अनौठो नमाने हुन्छ । त्यसो त एमाले पनि सलबलाएकै छ । अध्यक्ष खड्गप्रसाद ओली उति मुखर नभए पनि उनका दूतहरू सबैतिर पुगिसकेका छन् । यो त झन् स्वाभाविक हो । संसदीय व्यवस्थामा विपक्ष सधैं नै 'प्रतीक्षारत सरकार' जो मानिन्छ ।

अहिले पनि केही 'कमरेड'ले एकताको मन्त्र जप्न थालेका छन् । बीचबीचमा कम्युनिस्टहरू 'वाम एकता'को रट लगाउने गर्छन् । "कम्युनिस्ट एकता" भन्न लाज लाग्ने रहेछ कि ?

कांग्रेसमा सरकार बनाउनेभन्दा पनि प्रधानमन्त्री बन्ने होड नै चलेको छ । प्रधानमन्त्री शेरबहादुर देउवा निकटहरू अफ्ना नेताको कुर्सी कसैले खोसी पो हाल्ला कि भने झैं दौडेका दौडेकै छन् । जे होस्, सत्ता राजनीति अब जनताको हातबाट नेताहरूको खल्तीमा पुगेको छ ।

केहीलाई लागेको छ चुनावको संकेत राम्रो छैन । अधिनायकवादी अनुदार सोच हो त्यो । यस्तै उद्यमी व्यापारीले चुनाव जितेको मन नपर्नेहरू पनि देखिए । लोकतन्त्र आत्मसात गर्न नसक्नेहरू समाजका नयाँ हलचल हुँदा यसरी नै छटपटाउँछन् ।

चुनावमा नयाँ दल विशेषगरी राष्ट्रिय स्वतन्त्र पार्टी र जनमत पार्टीको उदयले धेरै राम्रा सम्भावनाहरूको ढोका पनि खोलेको छ । नेपाली जनतालाई अफ्ना अनुचर ठान्ने ठूला पार्टीका टाउके लाउकेहरूको मुटुमा ढ्याङ्ग्रो ठोकेको हुनुपर्छ ।

***देउवालाई धन्यवाद***

प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई संसदीय निर्वाचन सम्पन्न गर्ने सरकारको नेतृत्व गरेकोमा धन्यवाद नदिनु कृतघ्नता हुन्छ । राजनीतिक संस्कार हुँदो हो त प्रतिस्पर्धी र सहयोगी दलका नेताहरूले खुलेर धन्यवाद दिनुपर्थ्यो । समानुपातिक मत र निर्वाचित सांसदको तुलना गरेर हेर्दा त माओवादी केन्द्र र एकीकृत समाजवादीले पनि देउवालाई विशेष धन्यवाद दिनुपर्ने हो । कांग्रेसको साथ नपाएको भए यी दुवै दलको बिजोग हुनेरहेछ त !

यतिमात्र होइन तत्कालीन प्रधानमन्त्री ओलीले संविधान मिचेर लगातार दुईपटक संसद् भङ्ग गराएपछिको अन्योलमा देशलाई नेतृत्व दिएर राजनीतिक सङ्कटबाट सहजतापूर्वक अवतरण गराएकोमा पनि देउवालाई धन्यवाद दिनुपर्छ । कम्तीमा जनताका प्रतिनिधिले बनाएको संविधान क्षतविक्षत हुनबाट त जोगियो नि ! नेपाली कांग्रेसका नेताहरू पनि देउवाप्रति कृतज्ञ हुनुपर्छ । प्राविधिकरूपमै भए पनि कांग्रेस पहिलो पार्टी त भयो नि ! अर्थात्, देउवा सभापति हुँदा रहेकै ठाउँमा पार्टीलाई पुऱ्याए । अहिलेसम्म पाँचपटक प्रधानमन्त्री बन्दा चारपटक उनले विपक्षीलाई सरकार बुझाएर छाडेको इतिहास छ । यसैले सत्ता कांग्रेसकै कुनै नेतालाई हस्तान्तरण गरेर छाडे भने देउवाको इतिहास पनि सच्चिनेछ ।

***नेतृत्व हस्तान्तरण***

कांग्रेसका महामन्त्री गगन थापा पार्टीको संसदीय दलको नेता बन्न इच्छुक देखिन्छन् । गगनप्रति पार्टीबाहिरको जनमत पनि सकारात्मक देखिएको छ । लाग्छ, देश र कांग्रेसकै पनि हित गगनलाई अगाडि बढाउनुमै छ । तर, कांग्रेस हो । कम्तीमा ३ पुस्ताका नेताहरूको आँखा सभापति र प्रधानमन्त्रीमा पुगेको होला । रामचन्द्र पौडेल, प्रकाशमान सिंह, शशांक कोइराला प्रकटमै देखिएका छन् । शेखर कोइराला पनि गगनका पक्षमा नखुलेका कारण आकांक्षी हुन् कि जस्तो देखिएको छ ।

आकांक्षा अस्वाभाविक होइन । जनमत कटु वास्तविकता हो । अहिले जनमतको कदर गरे न जनताले अर्कोपटक समर्थन गर्लान् । जनमत सार्थक परिवर्तनका पक्षमा छ । यसैले देशको चिन्ता नगरे पनि पार्टीको हित चिताउने हो भने कांग्रेसका पाका नेताहरूले ६० वर्ष नपुगेका नेतालाई बागडोर सुम्प । त्यस पुस्तामा योग्य त मनग्गे छन् तर गगनका पक्षमा प्रतिस्पर्धीहरू नै छन् । यसैले अहिले गगनको पक्षमा नारा गुञ्जेको हुनुपर्छ ।

***'वरिष्ठ'हुनुको पीडा***

गगन, प्रदीप, विश्वप्रकाशहरूलाई नेता बनाउन विमलेन्द्र निधि, पूर्णबहादुर खड्का, एनपी साउद, ज्ञानेन्द्र कार्कीहरूलाई गगनको पुस्तालाई नेताका रूपमा स्वीकार गर्न पर्दाको पीडा बुझ्न सकिन्छ । तिनले देउवा नभए आफू असुरक्षित हुने ठानेका पनि हुनसक्छन् । रामचन्द्र पौडेल, अर्जुननर सिंह, गोपालमानहरूको पीडा अझ चर्को छ । उनीहरूका लागि त यही पाँच वर्ष नै अन्तिम अवसर हो ।

परन्तु, देशका सामु यिनका पीडाको अर्थ हुँदैन । जनादेशको सम्मान गर्ने हो भने सक्षम युवालाई नेतृत्व सुम्पनुपर्छ । जनमतको बेवास्ता गर्ने हो भने अर्कोपटकको चुनावमा अझ जनाधार खुम्चने निश्चितै छ । जनताको सन्देश आत्मसात गर्ने हो भने परिवर्तन र युवा नेतृत्वको अगाडि आउन दिनुपर्छ । अति भएपछि महाथिर मोहम्मद पनि चुनाव हारे । लीक्वान युले बिस्तारै सत्ताबाट विश्राम लिए । महाथिरको दिन देख्न परेन । अर्को चुनाव नलड्नेहरूका लागि त पुस्तान्तरण शब्द सुन्न पनि मन लाग्दैन होला । तर, जति नै कटु भए पनि चुनावमा प्रकट वास्तविकता त यही हो ।

***गठबन्धनको धर्म***

यसपटक चुनाव पहिले नै गठबन्धन गरिएको थियो । यसैले निर्वाचन पहिलेकै गठबन्धनले सरकार बनाउनु संसदीय परम्परा हुन्छ । यसैगरी सरकारको नेतृत्व सबैभन्दा ठूलो दलले गर्नु स्वाभाविक देखिन्छ । तर, संसदीय गणितमा बहुमतको रेखा जसले नघाउँछ उसैको सरकार बन्छ । सत्तारुढ गठबन्धन एकै ठाउँमा रहनु संसदीय धर्म भए पनि सत्ताका सामु राजनीतिक मान्यताको के भाउ? माओवादी केन्द्रले सङ्केत पनि गरिसकेकै छ । निर्णायक दल कांग्रेस र एमालेले राजनीतिक धर्म पालना गरे हुन्थ्यो । तर, सत्ताका लागि यिनीहरू जे गर्न पनि तयार हुन्छन् । यसैले अहिले अनुमान लगाउनु गलत हुनेछ ।

तैपनि, गठबन्धनमै बसेर बाहिरका दलसँग मोलतोल गर्नु 'अनैतिक' जस्तो देखिन्छ । राजनीति भन्दैमा नैतिकताको ख्यालै राख्न नपर्ने त हुँदैन नि । यसैले विकल्प खुला गरेपछि माओवादी केन्द्रले गठबन्धन पनि छाडेको भए राजनीतिक नैतिकता अनुरुप हुन्थ्यो । गठबन्धनका दलहरूले आपसमै पनि त नयाँ छलफल थाले हुन्छ ।

अहिलेको त्रिशंकु संसद् र राप्रपा तथा जनता समाजवादी पार्टीको सङ्ख्या हेर्दा कतै २०५२-५५ दोहोरिने त होइन भन्ने झस्को धेरैका मनमा पसेको हुनुपर्छ । संसद्को तेस्रो दल माओवादी केन्द्रको सरकार बनाउने चाहना यसैको संकेत त होइन ? उपेन्द्र यादव हारेर के भयो र ? पार्टीको लगाम त उनैको हातमा छ । राप्रपामा पुरानै खेलाडी पशुपति शमशेर र प्रकाशचन्द्र लोहनी छन् ।

कांग्रेस र एमालेमा बहुमत सम्भवत: देउवा एवं ओलीका अनुचरकै छ । यसैले सत्तामा जान जे पनि गर्न तयार हुँदैनन् भन्न सकिँदैन । तर राजनीति सफा होस् भन्ने चाहना राख्ने हो भने एमालेका नेताहरूले पनि ओलीको सनक रोक्ने प्रयास गरून् । सक्लान् नसक्लान् कांग्रेसभित्र देउवालाई नेतृत्व नदिने प्रयास भएको त । अहिले दाहाललाई भाउ नदिनेबित्तिकै धेरै हदसम्म नेपालको राजनीति संग्लिँदै जानेछ ।

अहिले एमालेले प्रयास गरेको नयाँ गठबन्धन बन्यो भने कम्युनिस्ट मत थप सङ्कुचन हुनेछ । कम्युनिस्टमात्रको बहुमत नपुगे पनि राप्रपा र जसपा एमालेका गठबन्धनका सहयोगी हुन् । बरू, जनमत र रास्वपा सायद कम्युनिस्ट नेतृत्वका लागि उपयुक्त नहोलान् ।

माओवादी केन्द्रका अध्यक्ष दाहाललाई जनताले सरकारको नेतृत्व गर्ने जनादेश दिएका छैनन् । कांग्रेस वा एमालेले काँधमा चढाए भने 'समुद्री बूढो र सिनबाद'को कथा दोहोरिने छ र त्यतिबेला बूढेले घाँटी पहिले अठ्याउन पनि सक्छ ।

(साभार: बाह्रखरी)

# धनसम्पत्तिले सिध्याइरहेका सम्बन्ध र संस्कार



डा. मानबहादुर बीके

केही महिनाअघि एक पुरुषले श्रीमती, छोराछोरी र आफैंलाई सखाप पारेको घटनाबारे समाचार पढें । श्रीमतीसँग सम्बन्ध बिग्रिएपछि सम्पत्तिको तानातानमा श्रीमती, छोराछोरी र आफैंलाई हत्या गरेछ । सम्पत्तिका लागि दाजुभाइको झगडा र बाउआमाको हत्या समेतका खबर समाचारमा आइरहेका हुन्छन् । सम्पत्तिकै लागि १७/१८ पटकसम्म विवाह गर्दै हिंडेकी एक महिलालाई नेपाल प्रहरीले पक्राउ गरेको खबर केही समय अगाडि प्रकाशित भएको थियो ।

दाइजो वा दहेजका कारण बुहारी जलाइएका समाचारहरू प्राय: आई नै रहन्छन् । अदालतमा सबैभन्दा बढी मुद्दा सम्पत्तिकै सम्बन्धमा रहेका छन् । यी केही प्रतिनिधि घटनाले जति पवित्र भनिएका सम्बन्धहरू पनि धनसम्पत्तिको प्रवेशले अपवित्र बन्दै गएको छ । कतिपयको जीवन नै जोखिमपूर्ण बनेको छ ।

यस्ता कुराको प्रत्यक्ष अनुभूति अझै हाम्रा चाडवाडहरूमा गर्न पाइन्छ । यही दशैंमा गुल्मीकी एउटी बूढीआमाको भिडियो भाइरल भएको थियो । भएको सम्पत्ति छोराहरूलाई बाँडिदिएर आफू एउटा झुपडीमा बसेकी ती आमाले दशैंका दिन पनि कुनै छोराहरू आउन त परै जाओस्, एक कल फोन समेत नगरेको दु:खमनाउ गर्दै थिइन् ।

एक जना मेरा मित्रका भाइहरू प्रत्येक दशैंमा टीका लगाउन आउने गरेकोमा यो पटक आएनछन् । गत वर्ष अंशबण्डा गरिदिएका उनले यो पटक पनि टीका र जमरा तयार गरी बाटो कुरिरहेका थिए । पछि थाहा भयो भाइहरू त बुहारी लिएर दुबई घुम्न पो निस्किएका रहेछन् ।

सँगै काम गर्ने साथीले विरक्तिएर सुनाउँदैथियो, दशैंका दिन आफूले आशीर्वाद दिनुपर्ने लाठे छोरो एकाबिहानै मुखमुखै लागेछ । आजभोलि कुनै पनि चाडबाड वा पूजाआजा सकिएपछि हुने चर्चा भनेको कसले कति खर्च गऱ्यो वा दक्षिणा पायो/दियो वा के कति दान गऱ्यो भन्ने नै हुन्छ । यसरी हाम्रा संस्कारहरू धनसम्पत्तिको चपेटामा परिरहेका छन् । त्यति मात्र हैन, यसको असर लोकतान्त्रिक संस्कारमा समेत परेर दूषित बनाइरहेको छ । लोकतन्त्रको सबैभन्दा महत्वपूर्ण पक्ष निर्वाचनमा हुने धनसम्पत्तिको चलखेलले यसको पुष्टि गरिसकेको छ । यसमा कुनै व्यक्ति, परिवार वा समाजको दोष छैन । समाज विकासका क्रममा विकसित र विकृत भएको यो एउटा चरित्र हो । हाम्रा धार्मिक आस्था, राज्यको चरित्र, बदलिंदो सामाजिक मान्यता, शिक्षा प्रणाली र बजारको हस्तक्षेप यसका मुख्य कारक रहेका छन् । हुनत समाज विकासका क्रममा राज्यको स्थापना नै सम्पत्ति सुरक्षाका लागि भएको रहेछ । जब कविलाहरू जमिन ओगटी एकै ठाउँ खेतीपाती गरेर बस्न थाले । लडाका कविलाहरू आई जुनसुकै बेला पनि आक्रमण गरी जमिन र उत्पादन लुट्न सक्ने संभावना थियो । त्यसको सुरक्षाका लागि आ-आफ्नो कविलामा पनि लडाकु दस्ता (सेना) तयार गर्ने र त्यसको परिचालनका लागि एक जना नाइके (राजा) छनोट गरी जिम्मा लगाउने व्यवस्थाको सुरुवात भयो ।

तिनीहरूको लालनपालनका लागि उत्पादनमा संलग्न व्यक्तिहरूबाट उत्पादनको केही हिस्सा कर उठाएर नाइकेको जिम्मा लगाउन थालियो । यसरी वैयक्तिक उत्पादन सम्पत्तिको सुरक्षाका लागि राज्य, सेना र कर व्यवस्थाको सुरुवात भएको पाइन्छ । विजय कुमारले आफ्नो पुस्तक 'सम्बन्धहरू'मा अहिलेको युगलाई 'वैश्य युग' भनी उल्लेख गरेका छन्, जसमा जुनसुकै कुरा पनि बजार प्रणालीमा ढालिएको हुन्छ ।

यो नै पूँजीवादको विशेषता हो र त्यसको घानमा हाम्रा संस्कार, संस्कृतिहरू पनि पर्न गएका छन् । अझै नेपाल जस्तो हिन्दू बाहुल्य मुलुकमा धेरै चाडवाड, पूजापाठ, यज्ञ-महायज्ञ, शिलान्यास/उद्घाटन आदि हिन्दू धार्मिक परम्परा अनुसार हुने मुलुकमा बजार झनै मालामाल हुने गरेको छ । र, यसैबाट कति धनसम्पत्ति जुटाउन सकियो भन्ने आधारभूत मान्यता बन्न पुग्छ । भलै आस्थाका नाममा गुमाउनेहरूको लस्कर पनि उत्तिकै हुन्छ । अन्यथा पैसा दान धेरै दिनेले पशुपतिलगायत मन्दिरहरूमा छोटो बाटोबाट पूजा गर्न मिल्ने कसरी हुन्थ्यो र ! सायद विजयजीले भनेको वैश्य कालको योभन्दा अर्को उदाहरण के हुन सक्छ र !

पश्चिमी मुलुकले पूँजीवादको अवलम्बन गरेतापनि सम्बन्ध र सम्पत्तिलाई अलग अलग रूपमै राखिने संस्कार बनाइयो । संभवत: त्यताको धार्मिक आस्थाले त्यस किसिमको संस्कारको विकास गरायो । वैवाहिक सम्बन्धको जटिलतामा बाहेक सम्पत्तिमा स्वयंको बाहेक अरु कसैको हक लाग्दैन सन्तानको पनि ।

त्यसैले त्यहाँको मनोविज्ञान परिवार, सन्तान र अन्य सम्बन्धहरूमा त्यसरी नै विकास हुन्छ र सबैले आ-आफ्नो उत्पादन संभावना र स्वतन्त्रतालाई भरपूर उपयोग गर्न पाउँछन् । र, सम्बन्धहरू पनि जे जति हुन्छ/बन्छ भावनात्मक रूपमा पवित्र रहन्छन् । तर हाम्रोमा समाज र राज्य तहबाटै संरचनागत ढंगले नै संस्कार, सम्पत्ति र सम्बन्धलाई अन्योन्याश्रित बनाइदिएको छ ।

त्यसमा पूँजीवाद हावी नहुँदासम्म त्यति ठूलो असर परेको थिएन तर जब-जब बजार अर्थतन्त्र हावी हुँदैगयो, सम्पत्तिको मोह र लालसाले संस्कार र सम्बन्धलाई खुम्चाउँदै लग्य । विशेषत: मध्यम वर्गको यो एउटा चरित्र नै बन्न पुग्यो । अनि विभिन्न संस्कारका नाममा धेरै किसिमका सामाजिक/धार्मिक पसल पनि खुल्दैगए । र, प्रत्येक सम्बन्ध र संस्कार आर्थिक लाभहानिमा तौलिन थालियो । राज्यले त्यसलाई संरचनागत तवरले मलजल गर्दैगयो र बजारले लुट्दै । यसैको परिणाम हो मध्यम वर्गले जति प्रयास गर्दा पनि उठ्न नसक्नु ।

जब बजार अर्थतन्त्र हावी हुँदैगयो, सम्पत्तिको मोह-लालसाले संस्कार र सम्बन्धलाई खुम्च्याउँदै लग्यो । विशेषत: मध्यम वर्गको यो एउटा चरित्र नै बन्न पुग्यो । अनि विभिन्न संस्कारका नाममा धेरै किसिमका सामाजिक/धार्मिक पसल पनि खुल्दैगए ।

यो अहिले अल्पविकसित मुलुकको विशेषता र मध्यम वर्गको चरित्र बन्न पुगेको छ । हाम्रो मुलुकमा पनि मध्यम वर्गको संख्या ठूलै (विश्व बैंकले सन् २०१०/११ मा करिब २२ प्रतिशत) देखाएको छ । तर त्यही अवधिको तेस्रो नेपाल जीवनस्तर सर्भेक्षणले नेपाली जनसंख्यालाई वार्षिक आयको हिसाबले पाँच वर्गमा बाँडेको छ । दोस्रो, तेस्रो र चौथो वर्गको हिस्साको योग गर्दा यो करिब ६० प्रतिशत हुन आउँछ । तसर्थ न्यून मध्यम र उच्च मध्यम वर्ग समेत जोड्दा मध्यम वर्ग करिब ६० प्रतिशत हुन्छ ।

फेरि हामीकहाँ सशक्तीकरण वा क्षमता अभिवृद्धि वा गरिबी निवारणको नाममा यही वर्गलाई उत्पादन प्रणालीको एउटै चक्रमा घसेट्दछौं । यसका उप-उत्पादन के के हुन्छन् भन्ने हेक्का राख्दैनौं । यसको मारमा पनि यिनै न्यून मध्यम वर्ग पर्दछन् किनकि यस्ता क्रियाकलापले आफ्ना रैथाने शिल्पकला बिर्सिन्छन्, नयाँ सीप प्रयोग गर्ने माहोल हुँदैन । अनि प्राय: तनावमा रहने मध्यम वर्गमा झन् तनाव थपिन्छ र सबै कुरा छोडेर वैदेशिक रोजगारीमा जान बाध्य हुन्छन् । सरकारले पनि त्यसैलाई मलजल गर्छ र विप्रेषण आयमा ठडिएको तासको घर जस्तो अर्थतन्त्रमा रमाउँछ । हामी पनि त्यसैमा मख्ख छौं । विप्रेषणको तथ्याङ्क केलाएर बसेका छौं ।

हाम्रो मौलिक ज्ञान, कला, संस्कृति र सम्पदा गुमेकोमा कुनै खेद छैन न त त्यसको कुनै हिसाबकिताब नै राखिएको छ । समाज पनि आधुनिक भएको भ्रममा आफ्नो गुमाएर आयातितमा रमाइरहेको छ । आधुनिक शिक्षाको नाममा हामीले शिक्षाको जग पनि त्यस्तै निर्माण गरिरहेका छौं । दशवर्षे युद्ध र विभिन्न आन्दोलन गरेर ल्याएको शासकीय शैली पनि यस्तै कुराको संरक्षणमा उत्प्रेरित छ । आखिर सीमित एकल जातीय वर्चश्वशालीहरूको कब्जामा रहेको लोकतन्त्रको विशेषता नै त्यही हो जो आफैं दलाल पूँजीवादमा टिकेको हुन्छ ।

अन्यथा धादिङको तरकारी काठमाडौंका उपभोक्तासम्म पुग्दा सात तहका बिचौलिया कसरी हुन्थे ? सुदखोरहरूको विरुद्ध आन्दोलन गर्दा राज्य प्रणाली नै मूकदर्शक कसरी हुन्थ्यो ? न्यायका लागि पटक पटक रुबि खानहरू किन सडकमा आउनुपर्थ्यो र ?

आदिमकालमा जब मानवहरूको झुण्ड एकै ठाउं बसी खेतीपाती गर्न थाल्यो । सबैले एकै किसिमको व्यवहार गर्न थाले । निरन्तर गरिरहँदा त्यस्ता व्यवहारहरू मस्तिष्कको अवचेतन हिस्सामा संस्कारका रूपमा बस्न पुग्यो । जस्तै: खाने, लाउने, बोल्ने, काम गर्ने आदि । यस्ता अभ्यासहरू समष्टिमा त्यो कविला समूहको संस्कृति बन्यो जुन पहिचानका रूपमा विकास हुँदै गयो । त्यस्ता संस्कृतिहरू परिष्कृत हुँदै जाँदा त्यसका विभिन्न नियम, संरचना तथा संस्थाहरू निर्माण हुँदैगए । जस्तै: परिवार, विवाह, जन्म, मृत्यु, चाडवाड आदि । यसरी सृजना भएका संस्कार/संस्कृतिहरू पछि धर्मले ग्रहण गर्न थाले र सो अनुसार ढालिँदै गए । त्यसलाई पुष्टि गर्नका लागि अनेकौं किम्वदन्तीहरू जोड्दै गइयो ।

हिन्दू संस्कृतिमा यो अझै बढी पाइन्छ । विशुध्द मानव अभ्यासबाट सृजित संस्कृतिलाई अनेकौं दैवी शक्ति र मिथ अभ्यासहरुसँग जोडेर रहस्यमय बनाइयो । पाप-धर्म, स्वर्ग-नर्कका कुराले मान्छेलाई बाँध्दै गइयो । जब कविलाहरू राज्यको रूपमा विकास हुँदैग, धार्मिक कुरालाई राज्यको नियम बनाइयो । जस्तै वेदव्यासको वेद (ई.पू. २०००), कपिलमुनिको सांख्यदर्शन (ई.पू. ७००), पाणिनीको अष्टाध्यायी (ई.पू. ५००), अष्टावक्रको गीता (ई.पू. ४००), कौटिल्यको अर्थशास्त्र (ई.पू. ३००), मनुको मनुस्मृति (ई.पू. २००), जयस्थिति मल्लको मानव न्यायशास्त्र (वि.सं. १४३६) र जंगबहादुर राणाको मुलुकी ऐन (वि.सं. १९१०) आदिले हिन्दू संस्कृतिलाई राज्यको संस्कृति बनाउँदै गए ।

त्यस्तै पश्चिमी मुलुकमा इसाई संस्कृतिलाई र श्रीलंका तथा भारतखण्डका कतिपय स-साना राज्यमा बौद्ध संस्कृतिलाई राज्यको संस्कृति बनाइयो । यसरी कविलाको आनीबानीबाट सिर्जिएको संस्कृतिको धार्मिकी, राजकी र अहिले बजारीकरण हुँदैगयो । जब संस्कृतिको राजकीकरण भयो यसलाई सत्ता प्राप्तिको माध्यम बनाइयो र अन्य संस्कृतिहरूलाई दबाउँदै लगियो । किनकि सत्ता भनेको राज्यको स्रोतको दोहन गर्ने अधिकारको वैधानिक प्राप्ति हो ।

बाँकी पृष्ठ-३ मा...

# 'म यस्तो गीत गाउँछु ३' बनाउन सुदर्शनले पल पर्खेका हुन् ?

काठमाडौं/रोमान्टिक लभस्टोरी फिल्म निर्देशनमा स्थापित सुदर्शन थापासँग एउटा हिट फिल्मको सिरिज छ, 'म यस्तो गीत गाउँछु' । यो नाम आफैंमा पैसाको बोट हो । यसका दुई श्रृंखलाले गरेको सानदार व्यापारबाट पनि यो प्रमाणित हुन्छ । दुवै श्रृंखलामा अभिनेता पल शाह र अभिनेत्री पूजा शर्मा मुख्य भूमिकामा थिए । अब यो फिल्मको तेस्रो श्रृंखला निर्माण हुन्छ वा हुँदैन भन्ने चासो पनि धेरैमा छ ।

गत वर्ष 'म यस्तो गीत गाउँछु २'को गीत रिलिज कार्यक्रममा पत्रकारले निर्देशक थापालाई सोधेका थिए, 'यो फिल्मको सिरिजमा पल र पूजाको विकल्प छैन ?' जवाफमा उनले आफूहरु सक्षम भएसम्म साथमा काम गर्ने बताएका थिए । 'म यस्तो गीत गाउँछु २' हिट भएको खण्डमा तेस्रो सिरिज पनि बन्ने र आफूहरुबीच पुन: सहकार्य हुने उनको भनाई थियो ।

तर, दोस्रो श्रृंखला रिलिजको मुखमा पल कानुनी झमेलामा फसे । उनी कहिले बाहिर निस्कन्छन्, कुनै टुंगो छैन । र, 'म यस्तो गीत गाउँछु ३' कहिले बन्छ भन्नेमा पनि टुंगो छैन । अहिले सुदर्शनको



पाइपलाइनमा तीनवटा फिल्म छन् । ती फिल्मपछि मात्र 'म यस्तो गीत गाउँछु ३'को बारेमा सोच्न सकिने उनको भनाई छ । उनले तेस्रो सिरिजका लागि पललाई पर्खिरहेको आशय पनि व्यक्त गरे ।

पलबिना 'म यस्तो गीत गाउँछु ३' निर्माण सम्भव छ ? भन्ने प्रश्नमा सुदर्शनले भने, 'सम्भव र असम्भव भन्ने कुरा होइन । भर्खरै दोस्रो सिरिज रिलिज भएको हो । अनि, अहिले मेरो पाइपलाइनमा केही प्रोजेक्ट छन् । त्यसैले अहिले केही सोचेको छैन । पल निस्केपछि काम गर्ने भइयो भने सरसल्लाह गरेर अगाडि बढ्छौं ।' पल निस्केपछि फिल्मका लागि पहिलो रोजाई उनी नै हुने थापा बताउँछन् ।

मंसिर अन्तिमदेखि सुदर्शन अड्किएर बसेको फिल्म 'प्रसाद २'को छायांकन थाल्ने तयारीमा छन् । यसपछि उनले अभिनेता राज कटुवाललाई लिएर फिल्म 'राजा'को छायांकन सुरु गर्न सक्नेछन् । त्यसपछि सुदर्शन अनमोल केसी र पूजा शर्माको अभिनय रहने एक प्रोजेक्टको निर्माणमा जुट्न सक्छन् । यसरी हेर्दा अबको दुई वर्ष उनले नयाँ फिल्मको बारेमा सोच्न पनि नभ्याउने देखिन्छ ।

# धनसम्पत्तिले सिध्याइरहेका....

अर्थशास्त्री एडम स्मिथले सन् १७७६ मा 'वेल्थ अफ नेशन' भन्ने पुस्तक लेखेर खुला बजारको अवधारणा ल्याए । त्यतिबेलादेखि नै आधुनिक युगमा संस्कारलाई धनसम्पत्तिले दबाउन थालेको हो । किनकि जब बजारलाई खुला र स्वतन्त्र छोडिन्छ, यसको उत्प्रेरक तत्व नै नाफा हुन्छ । जब उद्योगी व्यापारीहरू नाफाप्रति उत्प्रेरित हुन्छन्, सम्भवत: त्यहाँ संस्कार खुम्चिँदै जान्छ किनकि नाफा भनेको अतिरिक्त मूल्य हो जो आफैंमा शोषणको सूचक हो, शोषण आफैंमा कुसंस्कार हो ।

त्यसैले सन् १९३० को महामन्दीपछि जोहन मेनार्ड किङ्सले बजारलाई राज्यले नियमन गर्नुपर्ने अवधारणा ल्याए तर नाफा कमाउन पल्केका पूँजीपतिहरूले चित्त बुझाएनन् र सन् १९४७ तिर फेरि नवउदारवादका नाममा पुरानै बजार प्रणाली फर्काइयो ।

हुनत कार्ल मार्क्स जस्ता कम्युनिस्ट विचारकहरूले यसको विरोध गर्दै आएको भएतापनि खुला बजार प्रणाली अहिलेसम्म कायमै छ । फलस्वरूप अक्सफाम २०१७ को प्रतिवेदन अनुसार विश्वका १ प्रतिशत धनीहरूको हातमा करिब ५१ प्रतिशत सम्पत्ति रहेको छ भने ९९ प्रतिशतसँग जम्मा ४९ प्रतिशत सम्पत्ति रहेको छ । यसले सृजना गरेको वर्गीय विभेदले पनि संस्कारलाई वर्ग चिनाउने माध्यम बनाएको छ ।

आधुनिककालमा गणतन्त्रको पुनर्स्थापना हुँदैगए पनि ती अधिकांशत: बुर्जुवा गणतन्त्र हुनपुगे जहाँ निर्वाचनको ढोंग र चेर वर्चश्वशालीहरूको गठबन्धनले विभेद र उत्पीडनलाई संरचनागत ढंगले व्यवस्थित गरी राज्य दोहन गर्छन् । मध्यम वर्ग विभिन्न चिरामा विभक्त भई उनीहरूकै मतियार बन्ने होडबाजी गर्छन् ।

यसरी वर्ण, जात र धर्मको भेद त प्रागऐतिहासिककालदेखि नै थियो त्यसमा वर्गको विभेद पनि थपियो । अझै एडम स्मिथले प्रतिपादन गरेको श्रम विभाजनले त अम्बेडकरको शब्दमा श्रमिकहरूको नै वर्गीकरण गरेर विभेद र बहिष्करणको संस्कृतिलाई झन् मलजल गर्‍यो जसलाई नवउदारवादी ज्यादती भन्ने गरिन्छ ।

कार्ल मार्क्सले वर्ग संघर्षमार्फत पूँजीवाद, समाजवादहुँदै साम्यवादमा पुग्दा सांस्कृतिक रुपान्तरण पनि हुन्छ भन्ने मान्यता राख्दथे । सोही मान्यता अनुसार चीनमा माओको पालामा एक दशक (सन् १९६६ देखि १९७६) सर्वहारा वर्गको महान् सांस्कृतिक क्रान्ति भएको थियो जसको उद्देश्य नै चिनियाँ संस्कृतिलाई पूँजीवादको प्रभावबाट जोगाई मौलिकता कायम राख्ने थियो । तर यो अपेक्षित रूपमा सफल हुन सकेन भनिन्छ ।

त्यस्तै सानातिना सांस्कृतिक रुपान्तरणका अभियानहरू विश्वका विभिन्न मुलुकमा भएको पाइन्छ तर ती अभियानहरूले पनि संस्कृतिलाई बजारबाट मुक्त गर्न सकेनन् बरु आधुनिकताका नाममा झनै बजारीकरण गर्न सघाए । भारतमा डा. भीमराव अम्बेडकरले दलितहरूप्रति गरिने विभेद र बहिष्करणका विरुद्ध सांस्कृतिक अभियान नै चलाएका थिए । उनले सन् १९२७ मै सार्वजनिक धारा र पोखरीहरूबाट पानी लिन नपाउने चलनका विरुद्ध सत्याग्रह नै गरेका थिए । त्यस्तै उनले आफ्ना समर्थकहरूलाई विभेदकारी हिन्दू संस्कृतिका विरुद्ध बुद्धशिक्षा लिन प्रेरित गरी सन् १९५६ अक्टोबर १४ का दिन नागपुरमा पाँच लाख समर्थकहरूलाई एकैदिनमा बुद्धधर्म ग्रहण गराएका थिए ।

त्यस्तै नेपालमा पनि विभेद र बहिष्करण सम्बन्धी कुसंस्कारका विरुद्ध विभिन्न आन्दोलन हुने गरेका छन् । बाग्लुङका भगत सर्वजितले वि.सं. २००६ तिर नै दलितहरूले पनि जनै लगाउने, कर्मकाण्ड गर्ने जस्ता सांस्कृतिक अभियान चलाएका थिए । त्यस्तै २०१० सालतिर दलितहरूको पशुपति मन्दिर प्रवेश, २०५० सालको चितवन र स्याङ्जाको दूध काण्ड, गोरखाको गोरखकाली मन्दिर प्रवेश, सिन्धुपाल्चोक र काभ्रेका पानी उघाऊ, २०५६ सालको तराईको सिनो बहिष्कार, २०६० सालदेखि भएको हरूवाचरुवाहरूको आन्दोलनलगायत कुसंस्कारका विरुद्ध गरिएका सांस्कृतिक आन्दोलनहरू थिए । जनजाति तथा रैथाने समुदायहरूले आ-आफ्नो संस्कृति जोगाउन गरेको संघर्षको श्रृंखला त लामो छ । तथापि हिन्दू धर्म, भूमण्डलीकरण र बजारको चंगुलबाट हाम्रा संस्कारहरू मुक्त हुन सकेनन् ।

अझै पछिल्लो समय त प्रविधिको विकासले संस्कारलाई झनै तोडमोड गरिदिएको छ । व्यक्तिको सम्पत्ति नै सबै कुरा हो भन्ने मनोविज्ञान तयार हुँदा संस्कारमाथि धनसम्पत्तिको वर्चश्वले संस्कृतिहरू पनि वर्गीय बन्न गएका छन् । राज्यका नीतिहरूले पनि त्यसलाई मलजल गर्दै गएको छ ।

समयको गतिसँगै धन सम्पत्तिका आयाम पनि फेरिँदै गएका छन् । आठौं शताब्दी ईसा पूर्वदेखि इक्ष्वाकुहरूले गणराज्य स्थापना गरी जमिनको निजीकरण गरेपछि जमिन, घर र अतिरिक्त उत्पादन धन सम्पत्ति मानिन थालियो । शासक वर्गले उत्पादनशील जमिन एकाएक कब्जा गर्दै गए र भूमिपतिहरू नै ठूला सम्पत्तिवाला हुनगए । उत्पादन बढाउन दासहरू प्रयोग हुनथालेपछि यिनीहरूको व्यापार हुन थाल्यो र यी पनि धनसम्पत्तिको हिस्सा बन्न गए । औद्योगिक क्रान्तिपछि कम्पनीहरूको स्वामित्व शेयरमा राख्ने विधिको प्रादुर्भाव भएपछि धनसम्पत्तिको ठूलो हिस्सा कम्पनीको शेयर र नाफा हुन थाल्यो ।

पछिल्लो समय त व्यावसायिक साख, बौद्धिक सम्पत्तिको अधिकार, प्रतिलिपि अधिकार, शेयरको बजार मूल्य र क्रिप्टोकरेन्सी जस्ता विद्युतीय मुद्राको प्रचलनले धनसम्पत्ति अब भौतिक मात्र रहेन । यसले गर्दा सम्पत्ति झन् वैयक्तिक र बजारीकरण हुन सजिलो भएको छ ।

मूल कुरा धनसम्पत्तिको स्वामित्व मात्रैले पूँजीपति भइँदैन भन्ने चेत समाजमा पुर्‍याउनै सकिएन । धनी अर्थात् पूँजीपति हुनलाई सम्पत्ति अर्थात् पूँजीको विवेकशील परिचालन गरी पूँजी (मानवीय, सामाजिक र सांस्कृतिक समेत) निर्माण गर्दै जानुपर्छ भन्ने चेत पुर्‍याउन सकिएको छैन, विशेषगरी मध्यम वर्गलाई ।

सबै मान्छेहरूले विवेकशील निर्णय गर्छन् भन्ने अर्थशास्त्रको सर्वमान्य सिद्धान्त पनि लागू भएको देखिँदैन । अनि उनीहरू सम्पत्तिको अनुत्पादक पकडको होडबाजीमा अल्झिरहन्छन् र त्यही पकडलाई आफ्नो हातमा ल्याउन/कायम राख्न मानवीय कर्तव्य/संस्कार समेत लत्याउँछन् र बजारमा लिलाम गर्छन् । त्यस्तै भएको छ लोकतन्त्र पनि ।

अब के गर्ने त?

वास्तवमा सम्पत्ति अर्थात् पूँजीलाई भौतिक र मौद्रिक रूपमा मात्र मापन गरियो । यसलाई सम्मान, सन्तुष्टि, पहिचान र सामाजिक सम्बन्धसँग जोडिएन । त्यसैले राज्य र समाज पनि मौद्रिक तथा भौतिक पूँजी सँगाल्नतिर लाग्यो । यो नै नवउदार वादी मध्यम वर्गीय संस्कृति बन्यो । प्राचीनकालमा गणतन्त्रको रूपमा स्थापित राज्यहरू शासनमा पुग्ने वर्गले व्यवस्थित शोषणमार्फत धनसम्पत्ति कुम्ल्याएपछि कुलीन राजतन्त्रमा रुपान्तरण भएको त इतिहास साक्षी छ ।

तसर्थ यो प्रवृत्तिले लोकतन्त्रको संस्कार नै धरापमा पारेको छ । हुनत आधुनिककालमा गणतन्त्रको पुनर्स्थापना हुँदै गएका छन् तर ती अधिकांशत: बुर्जुवा गणतन्त्र हुनपुगे जहाँ निर्वाचनको ढोंग रचेर वर्चश्वशालीहरूको गठबन्धनले विभेद र उत्पीडनलाई संरचनागत ढंगले व्यवस्थित गरी राज्य दोहन गर्छन् । मध्यम वर्ग विभिन्न चिरामा विभक्त भई उनीहरूकै मतियार बन्ने होडबाजी गर्छन् ।

अब यसलाई फेर्नुपर्छ अर्थात् संस्कार/संस्कृतिको विनिर्माण गर्नु जरुरी छ परिवार, समाज र राजनीतिमा । हाम्रो जस्तो समाजमा सांस्कृतिक विनिर्माणको वाहक शक्ति मध्यम वर्ग नै बन्नुपर्दछ । राजनीतिलाई पनि विशुद्ध प्रजातान्त्रिक संस्कारमा ल्याउन यही शक्ति जुर्मुराउनु जरुरी छ । खुला बजार नीतिबाट राज्य कल्याणकारी हुनै सक्दैन न त समाजवादउन्मुख नै । त्यसका लागि संरक्षणकारी उदारवादको बजार नीति अभ्यासमा ल्याउन जरुरी छ जुन उदार समाजवादको महत्वपूर्ण हिस्सा हो ।

यसमा उत्पादनका साधनहरू सामूहिक हुन्छन् तर प्रत्येक उपभोक्तालाई बजारमा वस्तु छनोटको स्वतन्त्रता हुन्छ । उत्पादनका साधनहरू सामूहिक भएपछि धनसम्पत्ति थुपार्ने वा देखाउने होडबाजी हुँदैन । यसले गर्दा हाम्रा संस्कार/संस्कृतिलाई बजारको पकडबाट मुक्त गरी मौलिक स्वरूपमा विनिर्माण गर्न सकिन्छ । शिक्षा, स्वास्थ्य र संरक्षण जस्ता आधारभूत कुरा राज्यको प्राथमिक दायित्व हुन्छ । राज्यले नैतिक मूल्यमान्यतासहितको सामाजिक उद्यमशीलतामा लगानी गर्छ ।

त्यस्तै उत्पादन प्रणाली वा जीवन प्रणालीमा बहुलता अनुसार संरक्षण गर्नुपर्ने संस्कार, संस्कृति, समूह, समुदाय, वर्ग वा रैथाने, सीप, कला र ज्ञानको राज्यबाट विशेष व्यवस्था गरिएको हुन्छ । कोभिड-१९ को महामारी र रुस-युक्रेन युद्धले यसको सान्दर्भिकता झनै बढाएको छ । यो नै हाम्रो संविधानले मार्गप्रशस्त गरेको समाजवादउन्मुख अर्थतन्त्रको वास्तविक रणनीति हो ।

(साभार: अनलाइनखबर)

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com




# नकआउटमै टुङ्गियो एसियाको आशा



काठमाडौं/फिफा विश्वकपमा एकसाथ एसियाका तिन टोलीले नकआउटमा स्थान बनाए पनि तिनै टोली बाहिरिएका छन् । जापान, अष्ट्रेलिया र दक्षिण कोरियाको विश्वकप यात्रा नकआउट चरणमै टुङ्गिएको हो ।

अष्ट्रेलिया अर्जेन्टिना सँग २-१ ले पराजित हुँदा जापान क्रोएसियासँग पेनाल्टी सुटआउटमा ३-१ ले पराजित भयो ।

कोरियाले भने ब्राजिलसँग ४-१ को फराकिलो हार व्यहोर्दा कुनै पनि एसियन टोलीले क्वार्टरफाइनलमा स्थान बनाउन सकेनन् । यसपटकको विश्वकपमा पनि दक्षिण अमेरिकी र युरोपियन राष्ट्र नै हाबी देखिएका छन् । २२ औं संस्करणसम्म आइपुग्दा यी दुई महादेशबाट विश्वकपमो ट्रफी बाहिर जान सकेको छैन ।

यसपटक पनि एउटा समूहबाट दक्षिण अमेरिकी राष्ट्र ब्राजिल र अर्जेन्टिना बलिया देखिएका छन् । अर्को समूहमा मोरक्को बाहेक सबै युरोपियन देश अघि बढेका छन् । नकआउटमा दोस्रो अफ्रिकी राष्ट्र मोरक्कोले स्पेनको सामना गर्दैछ । यदी यो खेलमा मोरक्को पराजित भए अफ्रिकी राष्ट्रको विश्वकप सपना यो पटकका लागि पनि टुङ्गीनेछ ।

समूह चरणमा उत्कृष्ट खेल प्रदर्शन गरेका एसियाली टोलीको प्रदर्शन नकआउट चरणसम्म त्यहि लयमा रहन सकेन ।

समूह डि को उपविजेताको रुपमा नकआउटमा पुगेको अष्ट्रेलियाको १६ वर्षपछि क्वार्टरफाइनल पुग्ने सपना यो पटक अधुरै रह्यो ।

सन् २००६ पछि पहिलो पटक अन्तिम १६ बाट बाहिरिएको हो । छैटौंपटक विश्वकप खेलेको अष्ट्रेलियाको विश्वकपमा उत्कृष्ट नतिजा भनेकै २००६ र २०२२ मा नकआउट चरण पुग्नु हो ।

१९७४ मा पहिलो पटक विश्वकप खेलेको अष्ट्रेलिया समूह चरणमै सीमित भएको थियो । दोस्रो सहभागितामा नै अन्तिम १६ मा पुगेको अष्ट्रेलिया त्यसयताका ३ संस्करणमा लगातार समूह चरणबाटै बाहिरिएको थियो । ओसियाना क्षेत्रको अष्ट्रेलियाले विश्व फुटबलमा भने एसियन क्षेत्रको प्रतिनिधित्व गर्दै आएको छ । ६ पटक विश्वकपमा सहभागिता जनाएको अष्ट्रेलियाले सन् २००६ पछि अन्तिम १६ मा स्थान बनाएको हो । यसअघिका ३ संस्करणमा समूह चरणबाटै बाहिरिएको अष्ट्रेलिया १९७४ मा पनि समूह चरणमै सिमित भएको थियो ।

दुई विश्वविजेता टोलीलाई पराजित गर्दै नकआउट पुगेको जापानले साविक उपविजेता क्रोएसियालाई टाउको दुखाई बनेको थियो । निर्धारित ९० मिनेटमा एक एक गोलको बराबरी खेलेको जापान र क्रोएसियाले थप गरिएको ३० मिनेटमा पनि दुवै तर्फबाट गोल हुन सकेन । पेनाल्टी सुटआउटबाट खेलको निर्णय लिईएको थियो ।

सातौं पटक विश्वकप खेलेको जापान ३ पटक समूह चरणमा सिमित हुँदा तिनै पटक नकआउट चरणमा पुगेको थियो । विश्वकपमा उतारचढापुर्ण यात्रा तय गरेको जापान लगातार दोस्रो पटक नकआउट चरण पुगेको हो ।

सन् १९९८ बाट विश्वकपमा सहभागी हुन थालेको जापानले यो पटक उत्कृष्ट खेल पस्केको थियो । पहिलोपटक समूह चरणबाटै बाहिरिएको जापानले दोस्रो पटक २००२ मा भने नकआउटमा स्थान बनाएको थियो । त्यसपछि जापानको विश्वकप यात्रा उत्तरचढावपूर्ण रह्यो ।

एक पटक नकआउटमा पुग्ने र अर्को पटक समूहचरणबाटै बाहिरिने क्रमले ६ वटा विश्वकपमा निरन्तरता पायो । सन् २०१८ मा नकआउट चरणबाटै बाहिरिएको जापान यो पटक पनि अन्तिम १६ बाटै बाहिरियो ।

समूह एच बाट समूह उपविजेता बन्दै नकआउट पुगेको पूर्वी एसियन देश दक्षिण कोरिया ब्राजिलसँग पराजित हुँदै अन्तिम १६ बाटै बाहिरियो । सोमबार मध्यराति भएको खेलमा पाँच पटकको विश्व विजेता ब्राजिलसँग ४-१ को फराकिलो हार व्यहोर्दै कोरियाले विश्वकपको यात्रा सकाएको हो ।

११ औं पटक विश्वकप खेलिरहेको कोरिया सन् २०१० पछि पहिलोपटक नकआउट चरण पुगेको हो । यसअघिका दुई विश्वकपमा समूह चरणमा सीमित बनेको कोरियाले २००२ मा सेमिफाइनल खेलेको थियो । त्यसअघिका ४ संस्करण समूह चरणमा सिमित बनेको कोरिया १९५४ को पहिलो सहभागितामा पनि समूह चरणमै रोकिएको थियो ।

## लगातार आठौं पटक क्वार्टरफाइनलमा ब्राजिल



काठमाडौं/फिफा विश्वकपको अन्तिम १६ को खेलमा दक्षिण कोरियामाथि ४-१ गोल अन्तरको शानदार जित हात पार्दै ब्राजिल क्वार्टरफाइनलमा प्रवेश गरेको छ ।

पहिलो हाफको ३६ मिनेटभित्रै ब्राजिलले कोरियाविरुद्ध ४-० को अग्रता लिएको ब्राजिलले त्यसपछि भने गोल थप्न सकेन । दोस्रो हाफमा दक्षिण कोरियाले सुधारिएको प्रदर्शन गरेको थियो ।

ब्राजिलका लागि खेलको सातौं मिनेटमा भिनिसियस जुनियर, १३ औं मिनेटमा नेयमार, २९ औं मिनेटमा रिचार्लिसन र ३६ औं मिनेटमा लुकास काकोइटाले गोल गरे । खेलको ७६ औं मिनेटमा दक्षिण कोरियाका पाइक सेउंघोले सान्त्वना गोल फर्काए । डिबक्स बाहिरबाट उनले गरेको लामो प्रहार ब्राजिलका गोल रक्षकले रोक्न सकेनन् । ब्राजिल सन् १९९४ यताका सबै विश्वकपको क्वार्टरफाइनलमा पुगेको छ । ब्राजिल विश्वकप फुटबलमा सर्वाधिक सफल टिम हो । सबै विश्वकपमा सहभागी एक मात्रै टिम पनि हो । जसले ७ पटक फाइनलको यात्रा तय गर्दा सर्वाधिक ५ पटक उपाधि जितेको छ । अहिलेसम्मका सबै विश्वकप खेलेको ब्राजिल छैटौं उपाधिको खोजीमा छ ।

ब्राजिल अन्तिम १६ बाट दुई पटक मात्रै बाहिरिएको छ । १९३४ को दोस्रो विश्वकप र १९९० मा मात्रै अन्तिम १६ बाट बाहिरिएको थियो । ७ विश्वकपमा फाइनलमा पुगेको ब्राजिलले ५ पटक विश्वकप जितेको छ । पछिल्ला ७ विश्वकपमा ३ पटक फाइनलमा पुगेको ब्राजिलले २ पटक उपाधि जितेको छ । ब्राजिल २०१४ सहित ४ पटक सेमिफाइनल पुगेको छ ।

## इतिहास रच्न चुक्यो जापान

### नकआउटमै टुङ्गियो सातौं विश्वकप यात्रा



काठमाडौं/पेनाल्टी सुटआउटमा क्रोएशियासाग पराजित हुँदै जापान नकआउट चरणबाटै पराजित भएको छ । अल जनौब स्टेडियममा भएको खेलमा क्रोएसियासँग पेनाल्टी सुटआउटमा ३-१ ले स्तब्ध हुँदै लगातार दोस्रो पटक नकआउट चरणबाटै बाहिरिएको हो ।

जापानका ताकुमा एसानोको पेनाल्टी मात्र सफल हुँदा पाकुमी मिनामिनो, काउरो मिटोमा, माया योशिडाको प्रहार विफल भयो । क्रोएसियाका लागि निकोला भ्लासिक, मार्सेलो ब्रोजोभिक र मारियो पासालिकले गोल गरे । मार्को लिभाजाको प्रहार भने विफल भयो ।

निर्धारित समयमा एक एक गोलको बराबरी भएपछि खेल अतिरिक्त समयमा धकेलिएको थियो । पहिलो हाफको ४३ औं मिनेटमा डाइजेन माइडाले गोल गर्दै जापानलाई सुरुवाती अग्रता दिलाएका थिए । तर ५६ औं मिनेटमा इभान पेरिसिकले गोल गर्दै क्रोएशियालाई बराबरीमा ल्याएका थिए । थप गरिएको ३० मिनेटमा पनि दुवैतर्फबाट गोल हुन नसकेपछि खेलको निर्णय पेनाल्टी सुटआउटबाट लिइएको थियो । समूह चरणमा दुई विश्व विजेतालाई हराउँदै जापान नकआउट चरणमा पुगेको थियो । पहिलो खेलमा जर्मनीलाई २-१ ले पराजित गरेको जापानले दोस्रो खेलमा स्पेनलाई २-१ ले नै पराजित गरेको थियो ।

यो अघि सन् १९९८मा पहिलो पटक भिड्दा क्रोएसियाले जापानलाई १-० ले पराजित गरेको थियो । २००६ को विश्वकपमा भने समूह चरणमा भेट हुँदा गोलरहित बराबरी खेलेका थिए । सन् १९९८ बाट विश्वकपमा सहभागी हुन थालेको जापानले यो पटक उत्कृष्ट खेल पस्केको थियो । पहिलोपटक समूह चरणबाटै बाहिरिएको जापानले दोस्रो पटक २००२ मा भने नकआउटमा स्थान बनाएको थियो । त्यसपछि जापानको विश्वकप यात्रा उत्तरचढावपूर्ण रह्यो ।

**"तपाई हामी सबैको कुरा"**

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

वेवसाइडमा: www.sajhakuranews.com
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।



# हेटौंडामा दुई पत्रकारमाथि कुटपिट

साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ हेटौंडामा दुई पत्रकारमाथि कुटपिट भएको छ । आइतबार राति करिब सवा १० बजेको समयमा हेटौंडा-२, स्थित पल्पसा सदन होटलभित्र दुई पत्रकारमाथि कुटपिट भएको हो ।

नेपाली कांग्रेसनिकट तरुण दलका नेता राजेश भेटवालको नेतृत्वमा रहेको करिब १०-१२ जनाको समूहले राति पल्पसा होटल परिसरभित्रै पुगेर पत्रकारहरु रामकुमार एलन (रिजाल) र रमेश बञ्जारा (इन्द्रप्रसाद)माथि कुटपिट गरेको भन्दै प्रहरीमा उजुरी परेको हो । पीडित दुई पत्रकारसँगै रहेका नेपाल पत्रकार महासंघ बागमती प्रदेश महासचिव कृष्ण सारु मगर लाई पनि झडपमा छुट्याउने क्रममा हातपात भएको छ । मगरले भेटवाल समूहलाई हातपातमा नउत्रिन आग्रह गर्दा उनीमाथि नै हातपात भएको जनाइएको छ ।

घटनाबारे थाहा पाउन निर्वाचनको प्रसंगलाई जोड्नुपर्ने हुन्छ । निर्वाचनमा नेपाली कांग्रेस सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीना र आनन्दराम पराजुली पराजित भएपछि कांग्रेसभित्र अन्तर्घात भएको आरोपसहितको समाचार बागमती एक्सप्रेस साप्ताहिक पत्रिकामा प्रकाशित भएको थियो । उक्त समाचारलाई लिएर सामाजिक सञ्जालमा पोष्ट भएको सामग्रीमा कांग्रेस राक्सिराङ गाउँ समिति सभापति वीरेन्द्र लामाले पत्रकारहरुलाई जलाउनु पर्छ भन्ने शब्द प्रयोग गरेका थिए । लामाको उक्त अभिव्यक्तिको स्क्रिन सर्ट गरेर पत्रकार एलनले पुन: आफ्नो आइडीबाट पत्रकारलाई जलाउने विषयमा आपत्ति जनाउँदै पोष्ट गरेका थिए ।

यसअघिसम्म हातपातमा उत्रिएका भेटवाल र पत्रकार पक्षबीच यस विषयमा कुराकानी नभएको देखिन्छ । तर, एलनको पोष्टमा भेटवालले कमेन्ट गरेपछि एलनले आइतबार राति १० बजेर ३ मिनेटमा फोन गरेको खुलेको छ । कमेन्टमा भेटवालले 'पत्रकार भन्दैमा जेपनि लेख्नी छुट छ जस्तो लाग्छ तपाईलाई एलन जी ? पत्रकार उदण्ड हुने अनि कांग्रेसी कार्यकर्ताले सहनुपर्ने ?,' उनले एलनमाथि व्यावसायिक पत्रकारिताको कमजोरीमा प्रश्न चिन्ह खडा भएकोतर्फ लक्षित गर्दै आरोप लगाएका थिए । उनले एलनलाई भनेका छन्, 'घटनाक्रम विकास हुँदै गए सबै कुरा जायज रुपमा लिइन्छ सबै उदण्ड हुँदा सबै उदण्ड हुन पाइन्छ बाँकी मिलाएर बुझ्नूस् लोकतन्त्र सबैका लागि हो दण्डहीनताको लागि हैन ।'

भेटवालले कमेन्ट गरेको केही घण्टामा एलनले फोन गरेको देखिन्छ । फोन संवाद सुरुमा हार्दिकता पूर्वक भएता पनि अन्तिममा वादविवाद भएको जनाइएको छ । भेटवालले पनि एलनले आफूलाई फोनमा अपशब्द बोलेको दाबी गरेका छन् । फोन राखेको केही मिनेटभित्रै भेटवालको समूह पल्पसाभित्र आएको खुलेको छ । *साझाकुरा*लाई प्राप्त भिडियोमा भेटवालले पल्पसा सदनभित्र प्रवेश गरेर होटल अगाडि उभिएका एलनमाथि लात बजारेका थिए । लगत्तै एलन भुईमा ढले र अन्यले उनीमाथि हात, लात र हेलमेट प्रयोग गरेर कुटपिट गरेको दृश्य भिडियोमा देखन सकिन्छ ।

सोमबार बिहान भेटवालले सामाजिक सञ्जालमा कुटपिटको विषयमा 'मसि धेरै छाद्यो निप लाइदेको मात्र हो' भन्दै लेखेका थिए । उनले आफूलाई फोन गरेर गालीगलौज र धम्की दिएको दाबी गरेका छन् । पीडित एलन र बञ्जाराले भेटवालको समूहले ज्यान मार्ने उद्देश्यले किटपिट गरेको भन्दै सोमबार जिल्ला प्रहरी कार्यालय मकवानपुरमा ज्यान मार्ने उद्योग मुद्दामा किटानी जाहेरी दिएका छन् । जाहेरीमा भेटवाल, राजु नगरकोटी, रञ्जन बनियाँसहित करिब एक दर्जन कार्यकर्ताको समूहले घरेलु हतियार प्रयोग गरी आक्रमण गरेको उल्लेख छ । योजनाकारको रुपमा कांग्रेस राक्सिराङ सभापति लामाको नाम उल्लेख गरिएको छ ।

आक्रमणबाट रिजालको दाहिने कान र देब्रे गालामा चोट लागेको छ भने बञ्जारा पनि घाइते भएका छन् । घटनाको निन्दा गर्दै नेकपा एकीकृत समाजवादीनिटक समाजवादी प्रेस संगठनले दोषीलाई कारबाहीको माग गरेको छ । एलन संगठनका केन्द्रीय उपमहासचिव हुन् । बञ्जारा बागमती साप्ताहिक पत्रिकाको प्रकाशक तथा सम्पादक हुन् । नेपाल पत्रकार महासंघ केन्द्रीय समिति, प्रदेश तथा जिल्ला समिति, मकवानपुरमा क्रियाशिल पत्रकार संस्थाहरुले कुटपिट गर्नेलाई कानुन अनुसार कडा कारबाहीको माग गरेका छन् ।

# राक्सिराङ र कैलाशमा गाँजा खेती फडानी



हेटौंडा, १९ मंसिर/जिल्लाको पश्चिमी क्षेत्रस्थित राक्सिराङ गाउँपालिका र कैलाश गाउँपालिकामा प्रहरीले गाँजा र अफिम खेतीको फडानी गरेको छ । दुई पालिकामा गरेर ४६ विगाह १६ कठ्ठा लागूऔषध गाँजा र ३ विगाह ५ कठ्ठा लागूऔषध अफिम फडानी गरी नष्ट गरिएको मकवानपुर प्रहरी प्रमुख बामदेव गौतमले जानकारी दिए । १६ मंसिरदेखि १९ गते सोमबारसम्म गरिएको फडानी कार्यमा नेपाल प्रहरी प्रधान कार्यालय काठमाडौंबाट टोली आएको थियो । प्रहरी प्रधान कार्यालय लागूऔषध नियन्त्रण ब्युरो कोटेश्वरबाट प्रहरी निरीक्षक कञ्चन राजचलको कमाण्डमा ९ जना, जिल्ला प्रहरी कार्यालयबाट प्रहरी निरीक्षक बलराम श्रेष्ठको कमाण्डमा ३८ जना र ईलाका प्रहरी कार्यालय मनहरीबाट कृष्णराज ढकालको कमाण्डमा ३६ गरी कुल ८३ जनाको प्रहरी टोलीले खेतबारीमा लगाइएको गाँजा र अफिम फडानी गरी नष्ट गरेको हो ।

# मलमा सहजता खोज्दै प्रदेश सरकारसँग थाहा नगरको पहल



साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकामा आलु लगाउने बेला नजिकिएसँगै रसायनिक मल आयातमा सहजता ल्याउन भन्दै प्रदेश सरकारको ढोका ढकढक्याइएको छ ।

थाहा नगरपालिका आसपासको क्षेत्रमा रासायनिक मलको सहज आपूर्तिका लागि थाहा नगरपालिकाले पहल थालेको हो । केही दिनअघि थाहा नगरका किसानले मल माग्दै कार्यालयमा घेराउ गरेका थिए ।

किसानहरुको दबाबले थाहा नगरका जनप्रतिनिधिहरुले सोमबार बागमती प्रदेश सरकारको नेतृत्वसँग मल आयातमा सहजता ल्याउन माग गरेका छन् । सोमबार थाहा नगरका प्रमुख बिष्णुबहादुर विष्ट नेतृत्वको एक टोलीले बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डे, प्रदेशको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका सचिव डा. शरण कुमार पाण्डे, मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डेलाई भेटेर मल आयातमा सहजता बनाउन माग गरेको हो ।

बेमौसमी तरकारी उत्पादनको पकेट क्षेत्रमा रासायनिक मलको अभावका कारण उत्पन्न समस्या समाधान गर्नको लागि आग्रह गरिएको हो । थाहाका नगर प्रमुख विष्टले थाहा नगरमा एकै सिजनमा तीन पटकसम्म तरकारी उत्पादन हुने भएकोले प्रदेश सरकारले निर्धारण गरेको कोटाले मात्रै नपुग्ने हुँदा मलको वितरण प्रणालीलाई पुन: विचार गर्न अनुरोध गरे । थाहा नगरका उपप्रमुख भरत गोपालीले कृषकको आवश्यक्तालाई मध्येनजर गरी सहज रुपमा रासायनिक मल उपलब्ध गराउन अनुरोध गरेका छन् । छलफलकै क्रममा बागमती प्रदेशका मुख्यमन्त्री पाण्डेले रासायनिक मल सहज रुपमा उपलब्ध गराउन पहल गर्ने बताए ।

उनले थाईल्याण्डको एक कम्पनीसँग बागमती प्रदेशमै रासायनिक मलको कारखाना स्थापना गर्नको लागि पहल भइरहेको समेत बताएका छन् ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका सचिव पाण्डेले थाहा नगरको लागि थप रासायनिक मलको आपूर्तिलाई पहिलो प्राथमिकतामा राखि वितरण गर्ने व्यवस्था गर्ने बताए । छलफलका क्रममा थाहा नगरका अगुवा कृषकहरुले रासायनिक मल बिना कृषि कार्य असम्भव भएको भन्दै सहजरुपमा मल प्राप्त हुन नसके आन्दोलन गर्नुको विकल्प नभएको चेतावनी दिएका छन् ।

सहजरुपमा रासायनिक मलको आपूर्तिका लागि पहल तथा छलफलमा थाहा नगरपलिकाका निवर्तमान प्रमुख लवशेर विष्ट, समाजसेवी विष्णु प्रसाद ढकाल, थाहा नगरपालिका कृषि विकास शाखा प्रमुख सञ्जय तिवारी र थाहा नगरका अगुवा कृषकहरु, कृषि सामग्री कम्पनी लिमिटेड बागमती प्रदेश प्रमुख प्रकाश ज्ञावली, साल्ट ट्रेडिङ कर्पोरेशन हेटौंडाका लेखापाल मधुसुदन अधिकारीलगायतको उपस्थिति थियो ।

# बागमतीमा चुनिए पीएचडीदेखि एसएलसी पनि नकटाएका सांसद

साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ बागमती प्रदेशका १३ वटा जिल्लाबाट प्रदेशसभा सदस्य चुनिएका छन् । आगामी पाँच वर्षसम्मका लागि चुनिएका प्रदेश सांसदहरु विद्यावारिधी (पीएचडी) गर्नेदेखि एसएलसी (हालको एसईई)पनि नगरेका छन् ।

निर्वाचन आयोगका अनुसार प्रदेशसभा निर्वाचनमा प्रत्यक्षतर्फ निर्वाचित सांसदमध्ये अधिकांश स्नातक वा स्नातकोत्तर सम्मको शिक्षा हासिल गरेका सांसदहरु रहेका छन् । १ सय १० सांसद संख्या रहने बागमती प्रदेश सभामा ६६ जना प्रत्यक्ष निर्वाचन प्रणाली र बाँकी समानुपातिक निर्वाचनबाट सांसद चुनिने व्यवस्था छ । हालसम्म बागमतीमा ६४ जना सांसदको अध्ययन अभिलेख खुलेको छ । दोलखाको दुई वटा प्रदेशसभा निर्वाचन क्षेत्रमा पछि मतदान भएपछि उनीहरुको योग्य खुल्न नसकेको हो ।

नवनिर्वाचित प्रदेशसभा सदस्यमध्ये एक जनाले विद्यावारिधी (पीएचडी) गरेका छन् भने एक जना 'अन्डर एसएलसी' छन् । भक्तपुर क्षेत्र नम्बर-२ (१)बाट निर्वाचित एकीकृत समाजवादीका राजेन्द्रमान श्रेष्ठले विद्यावारिधी गरेका हुन् । मकवानपुर क्षेत्र नम्बर १ को (१) बाट निर्वाचित माओवादी केन्द्रका प्रेमबहादुर पुलामी अण्डर एसएलसीका हुन् ।

पुलामीले माओवादी सशस्त्र जनयुद्धमा होमिएका कारण आफ्नो पढाई पूरा गर्न पाएका थिएनन् । श्रेष्ठ र पुलामी दुवै जना अघिल्लो कार्यकालमा पनि बागमती प्रदेशसभा सदस्य चुनिएका थिए । उनीहरुको प्रदेशसभाको दोस्रो कार्याकालको यात्रा बन्नेछ ।




निर्वाचन आयोगको तथ्याङ अनुसार बागमती प्रदेका १२ सांसदले स्नाकोतर (मास्टर्स) तहको शैक्षिक उपाधि प्राप्त गरेका छन् भने २१ जना स्नातक तह अथवा ब्याचलर (बीए-बीएड)सम्मको अध्ययन गरेका छन् । १६ जनाले प्रविणता प्रमाणपत्र तह (प्रोफेन्सिएन्सी सर्टिफिकेट, प्लस टु, उच्च माबि, आइए), ९ जनाले एसएलसी, ३ जनाले एजुकेशन एन/ए को शैक्षिक उपाधि पाएका छन् भने एक जना सांसदको शैक्षिक योग्यता खुलेको छैन ।

बागमतीको मुख्यमन्त्रीका दाबेदारका रुपमा हेरिएका नेपाली कांग्रेसका इन्द्रबहादुर बानियाँको योग्यता प्रोफेन्सिएन्सी सर्टिफिकेट उल्लेख छ । माओवादी केन्द्रका शालिकराम जम्मकट्टेलको स्नातकसम्मको अध्ययन योग्यता रहेको छ ।

नेकपा एकीकृत समाजवादीबाट मुख्यमन्त्रीका दाबेदारका रुपमा हेरिएका हालका आन्तरिक मामिला तथा कानुन मन्त्री कृष्णप्रसाद शर्मा खनालको प्रोफेन्सिएन्सी सर्टिफिकेटसम्मको अध्ययन छ । एमालेबाट मुख्यमन्त्रीका दाबेदारका रुपमा हेरिएका जगन्नाथ थपलिया (जेएन)को योग्यता मास्टर्ससम्मको छ ।

# स्वास्थ्य स्वयंसेविकालाई झोला, टर्च र छाता हस्तान्तरण



साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ कैलाश गाउँपालिकाले स्वास्थ्य स्वयंसेविकालाई झोला, टर्च र छाता हस्तान्तरण गरेको छ ।

१९ औं महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसको अवसरमा गाउँपालिकाको स्वास्थ्य शाखाले पालिकामा कार्यरत सबै स्वास्थ्य स्वयंसेविकालाई झोला, टर्च र छाता उपलब्ध गराएको हो । उक्त सामग्रिहरु गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तान र उपाध्यक्ष बालकुमार मल्ल ठकुरीले स्वास्थ्य स्वयंसेविकालाई हस्तान्तरण गरेका थिए ।

दिवसको अवसरमा नामटारमा आयोजित कार्यक्रममा गाउँपालिका अध्यक्ष मुक्तानले महिला स्वास्थ्य स्वयंसेविकाहरु पालिकाको स्वास्थ्य क्षेत्रको मेरुदण्ड भएको बताए । कैलाशको गाउँघर तथा दुर्गम ठाउँहरुमा स्वयंसेविकाले पुर्याएको योगदानको उनले कदर गरे । पालिकाको तर्फबाट स्वास्थ्य स्वयंसेविकालाई थप १३ सय रुपैंया उपलब्ध गराईएको उनले जानकारी दिए ।

कार्यक्रममा बोल्दै गाउँपालिकाका उपाध्यक्ष ठकुरीले कैलाश गाउँपालिका बालमैत्री घोषणा हुन गैरहेको सन्दर्भमा बालमैत्री सुचकांकको लक्ष्य प्राप्त गर्न स्वास्थ्य स्वयंसेविकाको निकै महत्वपुर्ण भुमिका रहने बताए ।

कैलाश गाउँपालिका वडा नम्वर ९ का अध्यक्ष भुवनसिं घलानको सभाध्यक्षतामा भएको कार्यक्रममा स्वास्थ्य शाखा संयोजक जगन्नाथ प्रसाद साह, कालिका माविका प्रधानाध्यापक रामप्रसाद कालाखेती तथा स्वास्थ्य स्वयंसेविकाहरुको उपस्थिति थियो ।

## शिक्षक आवश्यकता

*विज्ञापन प्रकाशन मिति: २०७९/०८/१६*

यस विद्यालयमा रिक्त मावि राहत विज्ञान विषयक शिक्षक (करार) आवश्यकता भएको हुंदा थाहा नगरपालिका शिक्षा शाखाको मिति २०७९/०८/१५ को च.नं. १३९२ को पदपूर्ति अनुमति पत्रका आधारमा योग्य तथा इच्छुक उम्मेदवारहरुलाई दरखास्तका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**विज्ञापन नं.:** १/२०७९
**संख्या:** १ (एक)
**अध्यापन गर्नु पर्ने विषय :** माध्यमिक तहको विज्ञान
**परीक्षाको किसिम:** लिखित तथा अन्तर्वार्ता
**परीक्षा दस्तुर:** रु. २,०००।– (दुई हजार रुपैया मात्र )
**दरखास्त दिने स्थान:** श्री झम्केश्वरी माध्यमिक विद्यालय थाहा-१, ओखरबजार तथा थाहा नगरपालिका शिक्षा शाखा
**दरखास्त दिने अन्तिम मिति:** २०७९ पौष २ गते सम्म ।
**तलब:** नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम
**सम्पर्क मिति:** २०७९ पौष ३ गते
**परीक्षा कार्यक्रम:** सम्पर्क मितिका दिनमा तोकिनेछ ।
**आवश्यक न्युनतम योग्यता:** मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान मूल विषय लिई स्नातक तह उत्तीर्ण गरेको वा सो सरह

**द्रष्टव्य**

क) दरखास्तका साथ शिक्षण अनुमति पत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य पेश गर्नुपर्नेछ ।
ख) उमेर २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
ग) परीक्षाको दिन सम्पूर्ण प्रमाण पत्रको सक्कल कागजात अनिवार्य पेश गर्नुपर्नेछ ।
घ) करार सूचिमा सुचिकृत भएकालाई विशेष ग्राहयता दिइनेछ ।

***नोट:** सम्पूर्ण कागजातको प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित गरिएको हुनुपर्नेछ ।*

अन्य विस्तृत जानकारीका लागि विद्यालयमा वा मो.९८५५०७२३१४, ९८५५०७६९०८ मा सम्पर्क राख्नुहोला ।

**श्री झम्केश्वरी माध्यमिक विद्यालय**
थाहा नगरपालिका–१, ओखरबजार, मकवानपुर

## रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क नं.:
९८४५२९०३९१, ९८५५०८५३९१

## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|
| Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| CMA/ANM | Few | Negotiable | TSLC |
| Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

## थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**
हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना